# फलेवास नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
खानीगाउँ, पर्वत

प.सं: ०८३/८४
च.नं:

विनय ०८३१८
गण्डकी
प्रमुख प्रशासकीय अधिकृत

## ढुंगा गिटी वालुवाको निकासी कर संकलन सम्बन्धी शिलबन्दी दरभाउ/बोलपत्र पुन: आह्वानको सूचना ।

**दोस्रो पटक प्रकाशित मिति :-२०८३/०६/१५**

फलेवास नगरपालिकाको अठारौं नगर सभाको निर्णय अनुसार आफ्नो नगरक्षेत्रभित्रका खोला नदीहरुबाट आ.व.०८३/८४ मा उल्लिखित स्थानहरूमा ढुङ्गा, गिट्टी बालुवा लगायत नदीजन्य पदार्थको उत्खनन तथा निकासी कर संकलन गर्न आय ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले ईजाजत प्राप्त इच्छुक फर्म, संस्था वा कम्पनीहरुलाई तपसिलका शर्तको अधीनमा रही सिलवन्दी दरभाउपत्र पेश गर्न यो १५ दिने सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

**शर्तहरु:**

१ दरभाउ/बोलपत्र फाराम खरिद गर्न फलेवास नगरपालिकाको राजस्व पोर्टल sutrarevenue.fcgo.gov.np मार्फत बैंक वा कार्यालयमा सम्पर्क गरी तोकिएको दरभाउपत्र दस्तुर (फिर्ता नहुने गरी ठेक्का अनुसारको) जम्मा गरेको सक्कल भौचर पेश गरी यो सूचना प्रकाशित भएको मितिले १५औं दिनसम्म कार्यालय समयभित्र खरिद गर्न सकिनेछ । उक्तदिन सार्वजनिक विदा भएमा भोलिपल्ट कार्यालय समयभित्र फर्म खरिद गर्न सकिनेछ ।

२ ठेक्का नं अनुसारको छुट्टाछुट्टै दरभाउ/बोलपत्र १६ औं दिनको दिउँसो १२:०० बजेसम्म कार्यालयमा पेश गरिसक्नु पर्नेछ साथै सोही दिनको दिउँसो १:०० बजे यस कार्यालयमा दरभाउ/बोलपत्र खोलिने छ । उक्त दिन सार्वजनिक विदा परेमा सो को भोलिपल्ट निर्धारित समयमा उक्त कार्य हुनेछ ।

३ दरभाउ/बोलपत्र साथ आफूले कवोल गरेको अङ्कको कम्तीमा ५% धरौटी रकम फलेवास नगरपालिकाको राष्ट्रिय वाणिज्य बैंक फलेवास शाखामा रहेको धरौटी खाता नं.ग-३, ३५४०१००३०३००००२ मा जम्मा गरेको सक्कल बैंक भौचर पेश गर्नु पर्नेछ । साथै राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकको दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट कम्तिमा १२० दिन म्याद रहेको बैंक ग्यारेन्टी लाई समेत मान्यता दिइने छ ।

४ दरभाउ/बोलपत्र पेश गर्दा कबोल गरेको रकम अङ्क र अक्षरमा स्पष्ट लेख्नु पर्नेछ । अङ्क र अक्षर फरक पर्न गएमा अक्षरलाई मान्यता दिइनेछ ।

५ दरभाउ/बोलपत्र स्वीकृत भएपछि कवोल रकम बढिमा दुई किस्तामा बुझाउन सकिनेछ । रकम बुझाउंदा कवोल अंक सहित सोको भ्याट र अग्रीम आय करको रकम समेत बुझाउनुपर्नेछ । सम्झौताको बखत एकमुष्ठ रकम नबुझाउने भए वांकी दोस्रो किस्ताको लागि धितो (सेक्युरीटी वण्ड) वापत मिति २०८४ साल श्रावण मसान्त सम्म म्याद भएको राष्ट्र बैंकवाट मान्यता प्राप्त बैंकको जमानतको (ग्यारेन्टी) सक्कल पत्र पेश गर्नुपर्नेछ ।

६ विक्री एवं निकासी करको दर मु.अ.कर वाहेक प्रति क्यूविक फिट रु.८ (अक्षरुपी आठ मात्र) हुनेछ ।

७ रित नपुगी वा म्याद नाघी आएको दरभाउ/बोलपत्र उपर कुनै कारवाही हुने छैन ।

८ ठेक्का सञ्चालन गर्दा नियमानुसार लाग्ने सम्पूर्ण कर ठेकदार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

९ दरभाउ/बोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार सम्पूर्ण रुपमा यस कार्यालयमा निहित रहनेछ ।

१० उल्लेखित अलग-अलग ठेक्काहरूको लागि दररेटको विस्तृत विवरण सम्वन्धित फर्म, संस्था वा कम्पनीले यस कार्यालयमा सम्पर्क राखेको समयमा उपलब्ध गराइनेछ ।

११ नियमानुसार असार १ गते देखि भाद्र मसान्तसम्म उत्खनन र संकलन कार्य गर्नपाइने छैन । ठेक्काका अन्य शर्तहरू सम्झौता पत्रमा उल्लेख गरिनेछ साथै अन्य कुराहरू प्रचलित कानुन बमोजिम हुनेछ । थप कुराहरू वुझ्नु परेमा कार्यालय समयभित्र कार्यालयमा सम्पर्क राख्न सकिने छ ।

१२ कुनै पनि फर्म, संस्था वा कम्पनीले एक भन्दा बढि आय ठेक्काको लागि ठेक्का अनुसार छुट्टाछुट्टै दरभाउ/बोलपत्र पेश गर्नुपर्नेछ ।

१३ यो ठेक्काको म्याद २०८४ जेठ मसान्त सम्म रहनेछ ।

१४ दरभाउ/बोलपत्र पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरु:-

क. फर्म इजाजत एवं दर्ता प्रमाण पत्र (नियमानुसार नविकरण भएको) को प्रतिलिपी ।

ख. स्थायी लेखा नं. (भ्याट दर्ता प्रमाण पत्र) को प्रतिलिपी ।

ग.आ.व.०८२/८३ कर चुक्ता गरेको प्रमाण पत्रको प्रतिलिपी, तर २०८३ आश्विन मसान्त सम्म आ.व. ०८१/८२ को करचुक्ता पनि मान्य हुनेछ ।

घ. कालो सूचीमा नरहेको स्वयं घोषणा पत्र ।

तपसिल

| आय ठेक्का नं | वगर तथा नदी क्षेत्र | न्यूनतम कवोल अंक (भ्याट र कर वाहेक) | दरभाउ दस्तुर |
|---|---|---|---|
| ०१।०८३।८४ | श्रीकाङ्ग कालीगण्डकी छेस्लाङ्ग वगर, फनपा ११ | १७,७२,०००।- (सत्रलाख बहत्तर हजार) | रु ३००० |
| ०३।०८३।८४ | राता ढुंगा बालुवा बगर (क्याम्पस पछाडि) फनपा ६ | ६,८५,०००।-(छलाख पचासी हजार हजार) | रु १००० |
| ०७।०८३।८४ | कर्नास छोरे बगर फनपा ११ | २, २८,०००।-(दुई लाख अठ्ठाइस हजार हजार) | रु १००० |

प्रमुख प्रशासकीय अधिकृत